# सिटी अफ बिभरटन कम्युनिटी गार्डन (City of Beaverton Garden) को बारेमा बारम्बार सोधिने प्रश्नहरू

1. **मैले मेरो बगैँचाको क्षेत्रमा कति समय समर्पित गर्ने अपेक्षा गर्नुपर्छ?**

   यो तपाईंले रोप्ने बिरुवा र मौसममा केही निर्भर हुन सक्छ तर औसतमा हप्ताको दुईदेखि पाँच घण्टासम्म लाग्छ जसमा धेरै समय रोप्ने र हुर्काउने मौसमहरूमा बित्छ। कुशलपूर्वक कार्य गनुहोस् र सिँचाइको बेला झारपात हटाउनुहोस् ।

2. **गार्डेनिङको मौसम कहिले हो?**

   ध ैरैजसो मालीहरूको लागि, हुर्काउने मौसम अप्रिलदेखि अक्टोबरसम्म हुनेछ। केही मालीहरूले बसन्त ऋतुका बालीहरू फेब्रुअरी मै पनि लगाउन सुरु गर्छन् भने केहीले बालीहरूलाई शरद ऋतुको अन्तिमतिर वा जाडो यामसम्म पनि हुर्काएका हुन्छन् । वर्षैभरि बागवानी गर्न प्रोत्साहित गरिन्छ।

3. **मैले कहिले वसन्तको लागि तयारी र बिरुवा रोप्न सुरु गर्नुपर्छ?**

   मे 15 सम्म तपाईंको बगैँचाले सुरुवात गर्ने तयारी पूरा गर्नुपर्छ। केही सुरुवात गर्ने क्रियाकलापहरू निम्नानुसार छन्:

   - पथवे सफा गर्ने
   - झारपात हटाउने, बिउ/बिरुवा रोप्ने र झारपातहरूको सीमा छुट्टाएर मिलाउने
   - बिरुवा रोप्नको लागि माटो तयारीको कार्य

4. **पतझर कहिले सफा गर्नु आवश्यक हुन्छ?**

   अक्टोबर 31 सम्ममा पतझर सफाइ पूरा गरिएको हुनुपर्छ । यसमा निम्न कार्यहरू पर्दछन्:

   - फसल भित्र्याउने
   - पथवे सफा गर्ने
   - मरेका बिरुवाहरूलाई हटाउने
   - उपकरणहरूलाई तपाईंको प्लट वा बाहिर कतै राम्रोसँग सफा गरेर राख्ने ।
   - झारपात हटाउने, बिउ/बिरुवा रोप्ने र झारपातहरूको सीमा छुट्टाएर मिलाउने
   - प्लटलाई जाडोको लागि तयार गर्नुहोस्; बालीलाई ढाक्नुहोस् वा तपाईंको छनोटको अन्य विधि

Translated into Nepali
Date: January 26th 2021

5. **मेरो प्लट वा बगैँचाको केही कुरा चोरी भयो वा नष्ट भयो वा आपतकालीन अवस्था भयो भने के गर्ने?**

विरलै हुने भएतापनि, यस्तो हुनसक्छ । चोरी, विनाश, वा काम गर्ने समयभन्दा पछि पानी चुहावट भएको बारेमा उजुरी दिन, कृपया गैर-आपतकालीन प्रहरीलाई 503-629-0111 मा सम्पर्क गर्नुहोस्। तपाईं वा कुनै व्यक्ति तत्कालीन खतरामा हुनुहुन्छ भन्ने तपाईंलाई लाग्यो भने, 9-1-1 मा फोन गर्नुहोस्। सामान्य कार्य अवधिमा पानी चुवाहट भयो भने, कृपया पब्लिक वर्क्स (Public Works) लाई 503-526-2220 मा सम्पर्क गर्नुहोस्। कुनै पनि कारणले उचित नम्बरमा कल गरिसकेपछि, कृपया बगैँचा कार्यक्रमलाई पनि जानकारी दिनुहोस्।

अन्य व्यक्तिको प्लटबाट तरकारी, फूल वा आपूर्तिहरू लगेको पुष्टि गरिएको कुनै पनि मालीको बगैँचाका सुविधारू रद्द गरिनेछ। मालीहरूलाई अन्य व्यक्तिहरूद्वारा गरिने चोरीको प्रलोभनलाई हटाउन नियमित रूपमा बालीहरू भित्र्याउन प्रोत्साहित गरिन्छ।

6. **बगैँचालाई मुसा वा जङ्गली जनावरहरूबाट छुटकारा दिलाउने जिम्मेवारी कसको हो? तिनीहरूलाई टाढा राख्न मैले के गर्नुपर्छ?**

मुसा वा जङ्गली जनावरहरू विभिन्न बगैँचाहरूलाई घेरेर रहेका अविकसित क्षेत्रहरूमा हुन सक्छन्; आ-आफ्नो बगैँचाको क्षेत्रमा यिनीहरूलाई नियन्त्रण गर्ने जिम्मेवारी हरेक मालीको आफ्नै हो ।

मुसाहरूलाई टाढा राख्न तपाईंले गर्नसक्ने #1 उपाय भनेको प्लटलाई सक्रिय राखिराख्ने हो। नियमित रूपमा बाली भित्र्याउने र सफाई गर्नाले मुसाहरूको समस्या कम गर्न मद्दत गर्नेछ। तपाईंले आफ्नो साइटमा मल बनाउने कार्य गर्दै हुनुहुन्छ भने, कृपया त्यसलाई नियमित रूपमा फर्काउन नबिर्सनुहोस् र त्यसमा कुनै मासु वा अन्नहरू नमिसाउनुहोस्; तपाईंको बगैँचा प्लटको तरकारीजन्य सामग्रीहरू मात्रै प्रयोग गर्न पाइन्छ ।

गैर-स्थायी फेन्सिङको अनुमति दिइएको छ जसले केही जनावरहरूलाई टाढा राख्नमा मद्दत गर्न सक्छ। कृपया बारहरूले बगैँचाको बाटो छेकेको हुनु हुँदैन भन्ने कुराको ध्यान राख्नुहोस्।

7. **के मैले सामुदायिक बगैँचा प्लटमा पत्रिका प्रयोग गर्न सक्छु?**

पत्रिकालाई माटो मलिलो गराउने वा झारपातलाई रोक्ने अवरोधको रूपमा प्रयोग गर्ने अनुमति छैन। तथापि यसलाई घरबारीमा प्रयोग गर्न स्वीकार्य हुन सक्छ, पत्रिका सजिलै यताउता उड्छ र तपाईंको प्लटमा रहिरहँदैन।

8. **सिटीले के-कस्ता स्रोतहरू उपलब्ध गराउँछ?**

सिटीले बगैँचा क्षेत्र, होज, पानी, बगैँचाको फोहरका लागि यार्ड फोहरमैला सेवा र हरेक वर्ष कम्तीमा पनि एकपटक माटोको गुणस्तर बढाउने सामग्रीहरू उपलब्ध गराउँछ। सिटीले बाटोको मर्मत-सम्भारका लागि काठको स-साना टुक्राहरू पनि उपलब्ध गराउन सक्छ।

9. **बागवानी किन चाहिन्छ?**

जैविक गार्डेनिङले स्वस्थ बिरूवाहरूलाई सिद्ध गराउने स्वस्थ माटो निर्माण गर्नमा केन्द्रित गर्छ। जैविक गार्डेनिङले माटोमा जीवित जीवहरूको बीचमा प्राकृतिक सन्तुलनलाई प्रोत्साहन गर्छ। यो पराग-सेचन गराउने किराहरू, वन्य-जीव, घरपालुवा जनावर तथा मानिसहरूका लागि पनि सुरक्षित हुन्छ।

जैविक गार्डेनिङ बारे थप जानकारीको लागि, कृपया मेट्रोको यार्ड र बगैँचा पृष्ठwww.OregonMetro.gov/gardenमा भिजिट गर्नुहोस्।

Translated into Nepali
Date: January 26th 2021

## सामुदायिक सेवा समयको बारेमा बारम्बार सोधिने प्रश्नहरू

10. **सामुदायिक सेवा समयको नीति भनेको के हो?**

प्लट धारकहरूलाई हरेक वर्ष सामुदायिक परियोजनाहरू वा आफ्नो बगैँचाको साइटमा आफ्नो व्यक्तिगत प्लटभन्दा बाहिरका कार्यहरूमा न्यूनतम छ घण्टा बिताउनुपर्छ। जुन 30 सम्म तीवटा सामुदायिक समय पूरा गरिएको र लग गरिएको हुनुपर्छ। बाँकी तीन घण्टा नोभेम्बर 15 सम्ममा पूरा गरेर लग गरिएको हुनुपर्छ।

यो कार्य बगैँचालाई कायम राख्न, सामुदायिक सम्बन्धहरूलाई परिष्कृत गर्न र विशेष परियोजनाहरू पूरा गर्नमा मद्दतको लागि हो। प्लट धारकहरू आफ्नो समय रेकर्ड भएको छ भनी सुनिश्चित गर्नको लागि जिम्मेवार छन्।

11. **मैले मेरो सेवाको समयलाई कसरी लग गर्ने?**

तपाईं हाम्रो बगैँचा सेवा समय फाराम (https://apps2.BeavertonOregon.gov/secure/gardens/reportServiceHours.aspx) प्रयोग गरेर अनलाइनमा आफैँ लग गर्न सक्नुहुन्छ वा हाम्रो बगैँचा प्रबन्धक वा सिटि कर्मचारीलाई सम्पर्क गर्नुहोस् र उहाँहरूले तपाईंको लागि लग गर्न सक्नुहुन्छ.

12. **यदि मसँग मलाइ स्वयंसेवा गर्नबाट रोक्ने परिस्थिति वा शारीरिक सीमितताहरू छन् भने के हुन्छ?**

गार्डनरहरूले जुन 30 को अन्तिम म्यादभन्दा पहिले छूट अनुरोध गर्नको लागि gardenmail@BeavertonOregon.gov वा 503-526-2665 मा सम्पर्क गर्नुपर्छ।

13. **मैले मेरो समय लग गर्न बिर्से भने के हुन्छ?**

मालीले 30 जुनसम्म तीनवटा सेवा समय पूरा वा लग गर्नहुँदैन भने, उहाँहरूले सम्झाउनी सूचना प्राप्त गर्नुहुन्छ। कुनै पनि कारणले वर्षमा तीनवटा सूचना प्राप्त गर्ने मालीहरूको बगैँचा प्लट जफत गरिनेछ र नवीकरणको लागि योग्य हुनुहुँदैन। आफ्नो सेवाको समय पूरा नगर्ने मालीहरू नवीकरणको लागि योग्य हुनुहुनेछैन।

14. **मैले मरो बगैँचाको लागि सामुदायिक सेवाको समय कसरी आर्जन गर्न सक्छु?**

प्रत्येक वर्ष आफ्नो छ सेवाको समय आर्जन गर्न सक्ने धेरै तरिकाहरू छन्। कार्यहरूको सूचीको लागि आफ्नो बगैँचाको प्रबन्धक वा सिटि कर्मचारीसँग जाँच गर्नुहोस्। साथै, बगैँचा कार्य पक्ष वा अन्य विशेष

अवसरहरूको लागि आफ्नो इमेलमा ध्यान दिनुहोस्। सेवा समयको रूपमा गणना गरिने सामान्य कार्यहरूका केही उदाहरणहरू निम्न हुन्:

- सामान्य क्षेत्रहरूको वरिपरि पथवे मर्मत-सम्भार
- उन्मुक्त प्लटहरूको सरसफाई गर्ने
- स्थानीय खाद्य भण्डारको लागि खानेकुरा उब्जाउने
- बगैँचा पटलक, दिउँसोको चिया वा हार्भेस्ट पार्टी जस्ता सामुदायिक कार्यक्रमको आयोजना गर्ने ।